# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४] काठमाडौं, ज्येष्ठ २६ गते २०२१ साल [ संख्या ६


श्री ५ को सरकार

### अर्थ मन्त्रालय

प्रकाशकीय कार्यविधि (नियमित गर्ने) ऐन २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको ठेक स्थितिका जग्गामा खोलो पैरो नदीकाट बालु बुर्ज मिन्हा दिने र बढेको बढ दर्ता गर्ने नियमहरू २०२१ सर्व-साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

१. <u>सम्क्षिप्त नाम र प्रारम्भ</u> :– (१) यी नियमहरूको नाम ठेक स्थितिका जग्गामा खोलो पैरो नदीकाट बालु बुर्ज मिन्हा दिने र बढेको बढ दर्ता गर्ने नियमहरू २०२१ रहेकोछ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुने छन् ।

२. <u>परिभाषा</u> :– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यीनियमहरूमा:–

(क) ठेक स्थिति जग्गा भन्नाले कुत तिरोका जग्गा बाहेकका जग्गा सम्झनु पर्छ,

(ख) बढेको बढ भन्नाले ठेक स्थितिका जग्गा चौहद्दीभित्रका हाल अवाद गरेको जग्गामा बढे बढाएको जग्गा सम्झनु पर्छ ,

(ग) खोलो पैरो नदीकाट बालु बुर्ज भन्नाले अति वृष्टि भई खोलो बगेको पहाड-बाड ढिसको खसी माटोले पुरेको, नदीले काटेको र बालुवाले पुरेको समेत लाई सम्झन पर्छ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) जग्गावाला भन्नाले ठेक स्थितिको जग्गा कमाउने रकमीलाई सम्झनु पर्छ,

(ङ) समिति भन्नाले यो नियमको नियम ४ बमोजिम गठित समिति सम्झनु पर्छ।

३. ठेक स्थितिका जग्गामा खोलो पैंरो नदीकाट बालु बुर्ज मिन्हा गर्न सक्ने:–(१) ठेक स्थितिको जग्गामा कुनै किसिमको दैवी प्रकोपद्वारा अति वृष्टिभई खोलो बगेर आई वा पहाडबाट पैंरो आई वा नदीकाटले गर्दा वा बगेर आएको माटो बालुवाले पुरी लगाएको बाली नोक्सान हुन आएमा जग्गावालाले त्यसरी भएको नोक्सानीको बिवरणसहित पोत मिन्हाको लागि स्थानीय माल अड्डामा दरखास्त दिन सक्ने छ।

(२) उप–नियम (१) बमोजिमको पर्न आएको दरखास्तमा स्थानीय माल-अड्डाले सबै कुरा बुझी ठहर गरी सिफारिससाथ नियम ४ बमोजिम गठित समितिमा पठाउनु पर्छ।

(३) समितिले पनि सो दरखास्तमाथि विचार गरी उप–नियम (१) मा लेखिएको कारणले नोक्सानी भएको ठीक ठहराएमा पोत मिन्हा दिन सक्ने छ। र सो कुराको सूचना तुरुन्तै अर्थ मन्त्रालय, मालपोत विभागमा पनि पठाउनु पर्छ।

४. समितिको गठनः– (१) नियम ३ को उप–नियम (३) मा उल्लिखित काम कारवाइ गर्नको निमित्त निम्नलिखित व्यक्तिहरू भएको एक समिति गठन गरिएको छः–

| | | |
|---|---|---|
| (क) स्थानीय बडाहाकिम वा मेजिष्ट्रेट | – – | अध्यक्ष |
| (ख) स्थानीय पी. डी. ओ. | – – | पदेन सदस्य |
| (ग) स्थानीय मालको हाकिम | – – | पदेन सदस्य सचिव |

(२) श्री ५ को सरकारले चाहेमा समय समयमा नेपाल गजेटमा सूचना प्रकाशित गरी उप–नियम (१) बमोजिमको समितिका सदस्यहरू अदल बदल तथा थपघट गर्न सक्ने छ।

५. बढेको बढ दर्ता गर्नु पर्नेः– ठेक स्थितिको जग्गामा पछि कुनै किसिमले जग्गा बढे बढाएमा त्यस्तो बढेको बढ नाप जांच गराई दर्ता गराउनु पर्छ।

६. आंठा सरह पोत लाग्नेः– नियम ५ बमोजिम दर्ता भएको जग्गाको पोत आंठा सरह बुझाउनु पर्छ र सो बमोजिम लिनुदिनु गर्नुपर्छ।

७. ठेक स्थिति जग्गा विकास कार्यमा परे लगत कट्टा हुनेः– ठेक स्थितिको जग्गा विकास कार्यमा पर्न गएमा विकास कार्यमा परेको जति जग्गाको लगत स्थानीय मालले कट्टा गरिदिनुपर्छ।

८. खारेजीः– निम्नलिखित लालमोहर सवालहरूको निम्नलिखित दफाहरू खारेज गरिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) १६२५ साल मिति आश्विन बदी ५ को ठेक स्थिति सम्बन्धी लाल मोहर,

(ख) इलाम मालका नाउंको सवालको दफा २२,

(ग) मधेश मालका नाउंको सवालको दफा ३७६,

(घ) अछाम मालका नाउंको सवालको दफा २४।

आज्ञाले—
डा. यादवप्रसाद पन्त,
श्री ५ को सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।